प्रथम संशोधनः २०७६/०९/२४

# पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५

**प्रस्तावना** : सरकारी, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा पुष्प व्यवसायको विकास बिस्तार तथा प्रवर्द्धन गर्न पुष्प उद्योग स्थापना, सञ्चालन एवं बजारीकरण तथा निर्यात प्रवर्द्धन गरी गरिबी निवारण गर्ने उद्देश्यले प्रदेश सरकारको ▲.................. बजेटमा रहेको पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्नका लागि मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५" हुनेछ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यविधी"** भन्नाले "पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५" लाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले पुष्प व्यवसाय प्रवर्द्धन सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(घ) **"केन्द्र"** भन्नाले पुष्प विकास केन्द्र, गोदावरीलाई सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) **"साझेदार संस्था"** भन्नाले पुष्प व्यवसायीहरुको छाता संगठन, पुष्प व्यवसायमा संलग्न कृषक, कृषक समूह, सहकारी र पुष्प अनुसन्धान, उत्पादन र बजारीकरणमा संलग्न रहने निजी कम्पनीलाई सम्झनु पर्छ ।

(ज) **"सार्वजनिक क्षेत्र"** भन्नाले सार्वजनीक सेवा प्रवाहको लागि स्थापित प्रदेश सरकार मातहतका निकायहरुलाई सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

---

▲ प्रथम संशोधनद्धारा झिकिएको ।

